# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २२ गते २०२७ साल

श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

माननीय अर्थ मन्त्री श्री गेहेन्द्रबहादुर राजभण्डारीले २०२७ साल आषाढ २२ गते रोज २ का दिन दिनु भएको आर्थिक वर्ष २०२७–२८ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

माननीय अध्यक्ष महोदय,

अर्थ मन्त्रीको हैसियतले आज म पहिलो पटक राष्ट्रिय पञ्चायत समक्ष बजेट प्रस्तुत गर्न तपाईहरू सबैको साम् उपस्थित भएको छु । यसलाई मैले गहन जिम्मेवारी सम्झेको छु । राष्ट्रको देखापरेका समस्याहरू सुल्झाउने र हाम्रा निर्दिष्ट उद्देश्यहरू पूर्ति गर्ने एक प्रमुख साध्यम वार्षिक बजेट हो । श्री ५ महाराजाधिराज सरकारको सबल नेतृत्वमा आज देश अन्तर्राष्ट्रिय जगतमा बढ्दो ख्याति प्राप्त गर्दैछ र राष्ट्रिय स्तरमा सामाजिक न्याय र आर्थिक विकासबाट जनकल्याणको अभिवृद्धि गर्ने लक्ष्य लिई अगाडि बढ्दैछ। यो लक्ष्य प्राप्त गर्न आर्थिक विकासलाई अझबढी गतिशील बनाउन हामी प्रयत्न गर्दछौं । विगत धेरै वर्षहरूको विकासका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयत्नहरूको अनुभव हाम्रा अगाडि छन् । तिनीहरूबाट जे जति कुरा हामीले सिकेका छौं त्यसको जगमा भविष्यको सिर्जना गर्नु छ । हाम्रा आकांक्षाहरूको अनुपातमा उपलब्धिहरू सीमित देखिएतापनि वास्तवमा हाम्रो जस्तो विकासको स्तरमा रहेको देशको लागि यी उपलब्धिहरू उत्साहवर्द्धक छन् भन्नु पर्दछ । यस तथ्यलाई विर्सेर हाम्रो वर्तमान क्षमताबाट उपलब्ध गर्न नसकिने प्रकारका आकांक्षाहरूलाई अगाडि सारेर जन-साधारणको मनमा असन्तुष्टताको वातावरण सिर्जना गर्नु आज कसैको लागि पनि लाभदायक हुन्छ भन्न सकिन्न । आर्थिक पछौटेपन तत्काले अन्त्य हुने कुरा होइन । हामी उपलब्ध साधनहरूलाई प्राथमिकता अनुसार लगानी गरी निर्धारित लक्ष्य यथाशक्य कम समयमा उपलब्ध गर्न प्रयास गर्न सक्दछौं र गरेका छौं पनि । तर शताब्दीसम्म निम्नस्तरको जीवन निर्वाहमा सन्तोष लिई बसेका हामी नेपालीलाई एकैचोटि घच्घच्याएर धेरै पर पुऱ्याउन सक्दैनौं र यो तथ्य हामीले विर्सनु हुँदैन । कम समयमा कम मेहनत र कम त्यागबाट आर्थिक स्तरमा क्रान्तिकारी परिवर्तन सम्भव छैन ।

अध्यक्ष महोदय, देशको वर्तमान आर्थिक स्थितिको पृष्ठभूमिमा आगामी वर्षको बजेट तैयार गरिएको हुँदा सबभन्दा पहिले म यस चालू वर्षको देशको आर्थिक स्थितिको संक्षिप्त विवरण सदनको साम्ने पेश गर्न चाहन्छु ।

कृषि र औद्योगिक उत्पादनमा क्रमिक रूपमा हुँदै गएको प्रगति जारी छ । यस वर्ष कृषि उत्पादनमा खाद्यान्नतर्फ धानमा ३.८ प्रतिशतले, गहूँमा ६.६ प्रतिशतले र मकैमा २.२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । नगदेवाली तर्फ उखुमा ५.८ प्रतिशतले, सनपाटमा ९.१ प्रतिशतले र तेलहनमा ५.२ प्रतिशतले उत्पादन बढ्ने अनुमान छ । कृषि उप-करणहरूको बिक्री वितरण वर्ष वर्षै बढ्दै छ । यस वर्षको १० महीनाभित्र मलखादको बिक्री २३ हजार मेट्रिक टन पुगेको छ । उन्नत बीउ र कृषि औजारहरूको बिक्री पनि अपेक्षाकृत रूपले बढेको छ । कृषि विकास बैंक र भूमिसुधार वचत संस्थानले यस वर्षको ९ महीनाभित्र रू. २ करोड ७३ लाखको कर्जा वितरण गरिसकेको छ ।

औद्योगिक उत्पादनतर्फ यस वर्ष चिनी र चुरोटको उत्पादनमा उत्साहजनक प्रगति भएको छ । यस वर्षको ९ महीनामै चिनीको उत्पादन १६ हजार मेट्रिक टन भएको छ जब कि गत वर्षको सम्पूर्ण वार्षिक उत्पादन १० हजार मेट्रिक टन मात्र थियो । गत वर्ष चुरोटको उत्पादन १ अरब ६८ करोड खिल्ली पुगेकोमा यस वर्षको ९ महीनाभित्र नै १ अरब ४४ करोड खिल्ली पुगिसकेको छ र आषाढ मसान्तसम्ममा करीब २ अरब खिल्ली पुग्ने अनुमान छ । सिन्थेटिक कपडा र स्टेनलेस स्टिलका भाँडाकुँडाहरूको उत्पादनमा भने यस वर्ष निकै नै ह्रास हुने अनुमान छ ।

गत आर्थिक वर्ष सुन र विदेशी मुद्राको संचय रू. १७ करोड ६५ लाखले बढेकोमा यस चालू आर्थिक वर्षको ८ महीनामा थप रू. १० करोड १३ लाखले वृद्धि भई रू. ८७ करोड ९३ लाख पुगेको छ । यसरी विदेशी विनिमय कोष बढेतापनि यसको वृद्धि दरमा यस आर्थिक वर्षमा कमी हुने अनुमान छ । यसो हुनुमा छिमेकी देशसंगको वाणिज्य वार्ता टुङ्गो नलागेकोले व्यापार र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

औद्योगिक क्षेत्रमा देखा परेको अनिश्चित वातावरण हो भन्न सकिन्छ । समुद्रपारतर्फको निर्यात गत वर्षको तुलनामा यस वर्ष घटेको छ ।

गत वर्षको दाँजोमा मुद्रा प्रदायको वृद्धि दर यस वर्ष बढ्ने अनुमान छ । गत आर्थिक वर्षको सम्पूर्ण अवधिभित्र मुद्रा प्रदाय रू. ९ करोड २६ लाख ( १५ प्रतिशत ) ले वृद्धि भएकोमा यस चालू आर्थिक वर्षको ८ महीनामा रू. १२ करोड १८ लाख ( १७ प्रतिशत ) ले वृद्धि भई फाल्गुण मसान्तमा रू. ८३ करोड २२ लाख पुग्न गएको छ ।

यस आर्थिक वर्षको मूल्य स्थित हेर्दा सामान्यतः औसत मूल्यमा खास परिवर्तन भएको देखिँदैन तापनि चामल जस्ता केही मुख्य खाद्यान्नहरूको मूल्यमा वृद्धि भएको देखिन्छ । गत आर्थिक वर्षको तृतीय त्रयमासमा आभारित राष्ट्रिय मूल्यसूची १४७.७५ भएकोमा यस वर्षको तृतीय त्रयमासमा १४७.५२ हुन गएको छ । खाद्यान्नको भाउमा भएको वृद्धि बारे हाल विशेषज्ञहरूको एक समितिबाट अध्ययन भइरहेको छ र यस्मा स्थिरता ल्याउन एक योजना केही महीनामा नै कार्यान्वयन गर्नेछ ।

यातायाततर्फ चालू ठूला सडक आयोजनाहरू महेन्द्र राजमार्गको झापा-जनकपुर, जनकपुर-सिमरा र नारायणघाट-बुटौल सडकहरू, सिद्धार्थ राजमार्ग र पृथ्वी राजमार्गको निर्माण कार्य जोडतोडले चालू छ । यी सबैजसो राजमार्गहरू दुई तीन वर्षमानै पूरा हुने छन् । यी राजमार्ग-हरू पूरा भइसकेपछि पूर्व तराई तथा पश्चिम तराईका केही भागहरू र मध्य पहाडका बजारहरुका बिच निकटतम सम्बन्ध कायम हुनेछ र यस क्षेत्रको आर्थिक विकासमा क्रान्तिकारी परिवर्तन आउनेछ । साथसाथै धनगढी-डडेल्धुरा सडक र काठमाडौं-भक्तपुर सडकको निर्माण कार्यमा पनि ठूलो प्रगति भएको छ । हवाई विकासको निमित्त शाही वायुसेवा निगमलाई दुई नयाँ हवाई जहाजहरू उपलब्ध गराइएको छ ।

विद्युत्तर्फ त्रिशूली जल विद्युत् आयोजनाको अन्तिम चरण पूरा भएको छ र सुनकोशी जल विद्युत् आयोजनाको निर्माण कार्य जारी छ ।

यस आर्थिक वर्षदेखिन् हामीले कार्यक्रम नियोजन प्रणालीको शुरुआत गर्‍यौं र यसको साथै सरकारी रकमहरूको हर हिसाबमा बढी सक्रियताकासाथ सुधार ल्याउने प्रत्यन गर्‍यौं । कार्यक्रम नियोजन प्रणाली लागू गरेबाट हाम्रा सीमित वित्तीय साधन र सीमित प्राविधिक जनशक्तिलाई देशको अधिकतम आर्थिक लाभ हुने दिशातर्फ लगाउन सहायक भएको कुरा महशूस गरेका छौं । हर हिसाबमा सुधार ल्याउने प्रयत्न भएबाट सरकारी खर्चमा आर्थिक अनुशासन ल्याउन क्रमिक रूपमा सफलता प्राप्त गर्दैछौं ।

आगामी आर्थिक वर्ष चौथो योजनाको पहिलो वर्ष हो । तसर्थ आगामी वर्षको लगानी नीति चौथो योजनामा उल्लेखित निर्देशनहरूलाई आधार मानी बनाइएको छ । विकास कार्यक्रम-हरूको छनौट गर्दा विशेषतः यस्ता कार्यक्रमहरू विकास बजेटमा समावेश गरिएको छ जसबाट देशको आर्थिक विकास तथा उत्पादकत्वमा छिटो वृद्धि ल्याउन टेवा मिलोस् । तदनुरूप २०२७।२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को विकास बजेट तर्जुमा गर्दा निम्न कुराहरूलाई ध्यानमा राखिएको छः (१) पूरा भइसकेका वा छिटै पूरा हुने आयोजनाहरू तथा उपलब्ध गराई सकेका सुविधाहरूको पूर्ण क्षमतामा उपयोग गर्ने। (२) अल्प समयमा नै प्रत्यक्ष रूपले उत्पादन तथा सेवाहरू प्रदान गर्न योगदान दिने कार्यक्रमहरूलाई बढी ग्राह्यता दिने । साधनहरूलाई सीमित भौगोलिक क्षेत्रहरूमा केन्द्रीत गर्ने र प्रशासकीय क्षमताले नभ्याउने किसिमबाट कार्यक्रमहरू छर्न नदिने । (४) विकास कार्यक्रमहरूको संचालनमा तीव्रता ल्याउन् सम्बन्धित विभागीय प्राविधिक तथा संचालन क्षमतालाई सुदृढ गर्ने र (५) पानी, माटो, बन र खानी जस्ता देशका भौतिक साधनहरूको सर्वेक्षणमा बढी जोड दिने ।

अब म २०२७।२८ मा संचालन गरिने विभिन्न विकास कार्यक्रमहरूको संक्षिप्त विवरण दिन चाहन्छु ।

कृषि: नेपालको वर्तमान आर्थिक विकासको क्रममा कृषि विकासको ठूलो महत्व छ । यसको महत्व बुझेर नै विगत योजनाहरूमा कृषि विकासलाई प्राथमिकता दिंदै आएको हो। संचालन गरिएका विभिन्न कृषि विकास सम्बन्धी कार्यक्रमहरूबाट कृषि विकासमा केही हदसम्म असर पनि नपारेको होइन । तर कृषि क्षेत्र यति व्यापक छ कि वर्तमान प्रयत्नहरूलाई अपर्याप्त मात्र पर्दछ । कृषि विकासको क्रममा मुख्यतः दुई अवरोधहरू देखा परेका छन् । ती हुन्ः (क) देशको विभिन्न आवहवा र माटो सुहाउँदो उन्नत बीजहरूको खोजी कार्यमा चाहेजति सफलता प्राप्त गर्न नसक्नु र (ख) उन्नत खेती सम्बन्धी तालीम प्राप्त सीमित प्राविधिज्ञहरू र सीमित साधनलाई अधिकतम लाभ हुने तरीकाबाट उपयोग गर्न नसक्नु । पहिलो अवरोध हटाउन, २०२७।२८ को विकास बजेटमा कृषि अनुसन्धान कार्यक्रमहरूको संचालनमा विशेष जोड दिइएको छ । स्थापित कृषि अनुसन्धान केन्द्रहरूलाई सुसंगठित र सवल पारिनेछ र खाद्यान्नको अनुसन्धानमा विशेष जोड दिनुको साथै खाद्यान्न बाहेक अन्य केही नगदे बालीहरूमा पनि अनुसन्धान कार्य शुरू गरिनेछ। सीमित प्राविधिक, शासकीय र वित्तीय साधनहरूलाई छर्न नदिन कृषि विकास कार्यक्रमहरूलाई चौथो योजनामा उल्लेखित २८ सघन कृषि विकास जिल्लाहरूमा केन्द्रीत गरिनेछ । विशेषतः सिंचाई र बाटोको सुविधा प्राप्त जिल्लाहरूलाई सघन जिल्लाहरूमा राखिएको छ । यी सघन जिल्लाहरूमा उन्नत बीउ, मलखाद, सिंचाई र कर्जा सुनियोजित ढङ्गले उपलब्ध गराउने प्रयत्न गरिनेछ र कृषि प्रसार कार्यकर्ताहरूलाई पनि यिनै जिल्लाहरूमा केन्द्रीत गरिनेछ । कृषि प्रसार कार्यकर्ताहरूको प्राविधिक क्षमता बढाउन कृषि स्कूललाई कृषि कलेजमा परिणत गरिएको छ । कृषि विकास बैंकलाई सुदृढ पार्न थप वित्तीय सहायता प्रदान गरिनेछ । भूमिसुधार बचत संस्थानले परीक्षणको रूपमा ३ चुनिएका सघन कृषि जिल्लाहरूमा गाउँ स्तरमा व्यापक कृषि कर्जा कार्यक्रम संचालन गर्नेछ । सिंचाईतर्फ चालू ठूला सिंचाई आयोजनाहरूको निर्माण पूरा गर्न र सतह तथा जमीनमुनिको पानीको उपयोग सम्बन्धी सर्वेक्षणमा जोड दिइएको छ । सिंचाईको लागि सम्भाव्य देखिएका आयोजनाहरूको विस्तृत सम्भाव्यता आयोजना तर्जुमा गर्न तथा ती आयोजनाहरूको निर्माणमा प्रशस्त खर्च लाग्ने हुनाले विदेशी सहायता उपलब्ध गराउन केही समय लाग्ने भएकोले हाललाई सीमित मात्रामा लघुसिंचाई तथा ट्यूबवेल सिंचाईको कार्यक्रमहरू संचालन गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुनर्वासः पहाडी क्षेत्रमा कृषिमा जनसंख्याको अनावश्यक चाप घटाउन आर्थिक दृष्टिकोणबाट जंगलको निमित्त प्रयोग गर्नुभन्दा कृषिको लागि प्रयोग भएमा बढी लाभदायक देखिएका तराई क्षेत्रका जंगलहरू फडानी गरी सुकुमवासी नेपाली नागरिकहरूलाई सुव्यवस्थित ढङ्गबाट बसोवास गराउने कार्य चालू नै गरिएको छ र आगामी वर्ष अन्य दुइ जिल्लाहरूमा पनि पुनर्वास गर्ने कार्य विस्तार गरिने भएको छ। यसरी बसोवास गराइएका क्षेत्रहरूमा बीउ, कर्जा तथा अन्य कृषि उपकरणहरूको सुनियोजित ढङ्गबाट आपूर्ति गरिने व्यवस्था गरिनेछ।

बनः बन सम्पत्तिको वैज्ञानिक विकास र उपयोगको निमित्त यस वर्षसम्ममा ६ डिभिजनहरूमा बन कार्य योजना कार्यान्वयन गरेकोमा आगामी वर्ष अन्य दुइ डिभिजनहरूमा पनि उक्त कार्य योजना लागू गरिनेछ। मुख्यतः आर्थिक दृष्टिकोणबाट पहाडको खालि भीरहरूमा बन विकास कार्य गर्नु बढी लाभदायक हुने देखिएकोले पहाडको बन कार्य योजना तैयार तथा तर्जुमा गर्न पहाडी इलाकाको हवाई चित्र लिने कार्य र नक्सा बनाउने काम आगामी वर्षमा नै पूरा गरिने भएको छ। यसबाट देशको सम्पूर्ण भागको हवाई चित्र लिने र नक्सा बनाउने कार्य सम्पन्न हुने भएको छ। साथै बनमा आधारित उद्योगहरूको विकासको निमित्त संयुक्त राष्ट्र संघ विकास कोषको सहायताबाट एक विस्तृत सम्भाव्यता अध्ययन शुरू गरिनेछ।

उद्योग तथा खानीः उद्योगतर्फ श्री ५ को सरकारको औद्योगिक नीति अनुरूप निजी क्षेत्रको विकासको लागि आवश्यक ऋण तथा अन्य सुविधाहरू उपलब्ध गराई आएको छ। नेपाल औद्योगिक विकास कर्पोरेशनले ऋण दिनाको साथै शेयर लगानी पनि गर्ने गरेको छ र आउने आर्थिक वर्षमा नयाँ उद्योगहरूमा लगानी गर्नको लागि नेपाल औद्योगिक विकास कर्पोरेशनलाई वित्तीय सहायता उपलब्ध गराइनेछ। घरेलु तथा साना उद्योगहरूलाई घरेलु विभाग मार्फत् ऋण उपलब्ध गराइनेछ। बालाजु तथा हेटौंडा औद्योगिक क्षेत्रहरूमा भौतिक सुविधाहरू उपलब्ध गराउनको लागि थप रकम उपलब्ध गराइनेछ र धरान तथा नेपालगञ्जका नयाँ औद्योगिक क्षेत्रहरूको निर्माण कार्य धेरैजसो पूरा गरिनेछ।

जुट, सुर्ती, चिया तथा उखु जस्ता औद्योगिक कच्चा पदार्थहरूको विकासमा औद्योगीकरण निर्भर रहने हुँदा यस्ता कच्चा पदार्थहरूको विकासलाई बढी ध्यान दिइनेछ। जूट एक प्रमुख निकासी वस्तु भएकोले यसको विकासको लागि छुट्टै संस्थान खडा गरी यसको उत्पादन,प्रशोधन र औद्योगीकरणमा विशेषरूपमा सुधार ल्याइने आयोजना शुरू गरिंदैछ। देश विकासमा खनिज धनले महत्वपूर्ण योगदान गर्नसक्ने संभावना भएको हुँदा र आवश्यक प्राविधिक जनशक्तिको अभाव पनि धेरै मात्रामा पूर्ति भएको हुँदा भौगर्भिक सर्वेक्षणलाई प्राथमिकता दिइएको छ।

यातायात तथा संचारः विकासको लागि आवश्यक आधारहरू तयार गर्नु अति आवश्यक भएको हुँदा यातायात, संचार र विद्युत्मा कूल विकास खर्चको ठूलो रकम छुट्याइनु पर्ने कुरा प्रष्ट छ। दूर संचार विकासको लागि छुट्टै बोर्ड गठन गरिएको छ र विश्व बैंकबाट ऋण उपलब्ध

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको छ । हवाई विकासको लागि एशियाली विकास बैंकबाट ऋण तथा प्राविधिक सहायता उपलब्ध भएको छ र यस आयोजना अन्तर्गत पाँच हवाई स्थलहरूको निर्माण तथा विस्तार गरिनेछ। स्टोल हवाई विकासको निमित्त शाही वायु सेवा निगमलाई दुइ नयाँ स्टोल हवाई जहाजहरू उपलब्ध गराउने व्यवस्था गरिनेछ । संचार तथा हवाई यातायातलाई आवश्यक पर्ने जनशक्तिको तालीमको लागि तालीम केन्द्र संयुक्त राष्ट्र संघ विकास कोषको सहायताबाट स्थापना गरिनेछ ।

सडकतर्फ महेन्द्र राजमार्गको बुटौल-कोहलपुर सडकमा आउने आर्थिक वर्षदेखिन् निर्माण कार्य शुरू गरिने भएको छ । हाल सहायक सडकभन्दा राजमार्गहरूको निर्माण बढीमात्रामा भइरहेको छ र सहायक सडकहरू बनेमा मात्र राजमार्गहरूलाई बढीमात्रामा उपयोगमा ल्याउन सकिने भएको हुँदा सहायक सडकहरू निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ । सहायक सडक निर्माणमा प्रशस्त रकम लाग्ने भएको हुँदा यसको सम्भाव्यता अध्ययनको कार्य शुरू गरिनेछ । सडक सम्भारको लागि हालसम्म सुसंगठित व्यवस्था र आवश्यक मालसामानको निकै नै अभाव थियो, तर हाल यसको लागि आवश्यक रकम ऋणको रूपमा विश्व बैंकबाट प्राप्त हुने भएको छ ।

विद्युतः विद्युत्तर्फ खासगरी नयाँ जल-विद्युत् आयोजनाहरू निर्माण गर्नेतर्फभन्दा हाल उत्पादन गरिएका विद्युत् शक्तिको बढी उपयोग गर्नेतर्फ जोड दिइएको छ । तसर्थ विद्युत् वितरणको लागि आयोजनाहरू राखिएका छन् । यसको साथै केही मुख्य शहरहरूमा विद्युतीकरण गर्ने योजना छ । विराटनगर क्षेत्रको बढ्दो विद्युत्को मागलाई र कृषि विकासलाई दृष्टिमा राखी कन्काई नदीको प्राविधिक सर्वेक्षण कार्य चालू गरिएको थियो र आउने आर्थिक वर्षमा आर्थिक सम्भाव्यता अध्ययन शुरू गरिनेछ ।

शिक्षाः शिक्षातर्फ निम्न र मध्य स्तरका प्राविधिज्ञहरूको खाँचो पूरा गर्न व्यावसायिक तथा प्राविधिक शिक्षाको विकासतर्फ बढी जोड दिइएको छ । प्राथमिक र माध्यमिक स्कूलहरूमा तालीम प्राप्त शिक्षकहरू पुऱ्याउन तालीम कार्यक्रमलाई बढाइनेछ र प्रौढशिक्षा कार्यक्रमलाई कार्यमूलक बनाउने प्रयास गरिनेछ ।

स्वास्थ्यः स्वास्थ्यतर्फ चिकित्सा सेवामा भन्दा प्रतिकारात्मक सेवाको विस्तारमा बढी जोड दिइनेछ र स्थापना भइसकेका अस्पताल तथा हेल्थ पोष्टहरूको सुदृढीकरण गरिनेछ । तराईका औलो उन्मूलन गरी सकिएका क्षेत्रहरूमा औलो उन्मूलन कार्यक्रमलाई सुव्यवस्थित गर्न तथा साधारण स्वास्थ्य सेवाहरू पुऱ्याउन थप हेल्थ पोष्टहरूको स्थापना गरिनेछ । परिवार नियोजन कार्यक्रमको संचालनमा तीव्रता ल्याइनेछ ।

खानेपानीः श्री ५ को सरकारको प्रयास सबै ठाउँ तथा क्षेत्रहरूमा खानेपानी उपलब्ध गराउनेतर्फ लागेको छ तापनि यसलाई साधनको कमीले गर्दा प्राथमिकता अनुरूप गर्नु परेको छ । तसर्थ कुनै खास गाउँ तथा क्षेत्रहरूको छनौटगरी खानेपानी आयोजनाहरू योजनावद्धरूपले संचालन गर्नुपर्ने अवस्था छ । त्यसकारण श्री ५ को सरकारले यसरी छनौट गर्दा खानेपानी उप-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लब्ध गराइने ठाउँको जनसंख्या र जनसंख्याको धनत्व, हाल भैरहेको खानेपानीको व्यवस्था र पानीको अभाव इत्यादि कुराहरूको ख्याल राखी आयोजनाहरू संचालन गरिने भएको छ ।

काठमाडौं उपत्यकाको जनसंख्याको वृद्धिलाई ध्यानमा राखी काठमाडौं पाटन र भक्तपुरमा ३० वर्षको अवधिको आवश्यकता पूरा गर्ने लक्ष्य राखी खानेपानी तथा ढलविकासको सर्वेक्षण गरी एक प[रि]योजना तैयार गरिनेछ ।

माथि मैले आगामी वर्ष संचालन गरिने कार्यक्रमहरूको छोटकरी विवरण दिएँ । यी कार्यक्रमहरूले हामीले देशको आर्थिक विकासको निमित्त गर्न लागेका प्रयासहरू झल्काउँछ आर्थिक विकास निरन्तर जारी रहने प्रक्रया हो । गत १४ वर्षका विकास कार्यहरूका अनुभव रू हाम्रो सामु छ । सफलता र असफलता दुबैको मीठो र तीतो अनुभवहरू हामीले पाएका छौं । विकासको यो लामो बाटोमा पूरा अनुभव नभएबाट त्रुटीहरू हुन सक्दछन् । तर यी त्रुटीहरूलाई हटाई हामी लाई अगाडि बढ्नु छ । आखिर समाजको प्रगतिको इतिहासमा केवल सफलताका उधारणहरू मात्र पाउन सकिन्न । काम गर्दा भूल हुन्छ तर भूल नदोहोऱ्याउनु भन्ने राष्ट्रनायकको निर्देशनलाई अंगालेर हामी विकासको पथमा लम्कनुपर्दछ जसबाट हामी अवश्यमेव भोलिको बढी चेतनशील समाजको सिर्जनातर्फ सफल हुनेछौं ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२५।२६ र २०२६।२७ को आय व्ययको संक्षिप्त विवरण पेश गर्दछु । आर्थिक वर्ष २०२५।२६ मा साधारण खर्च रु. २० करोड १५ लाख र विकास खर्च रु. ३९ करोड २२ लाख गरी जम्मा रु. ५९ करोड ३७ लाख खर्च हुने संशोधित अनुमान गरेकोमा साधारणतर्फ रु. १९ करोड ३०लाख र विकासतर्फ रु. ३४ करोड४२ लाख गरी जम्मा रु. ५३ करोड ७२ लाख यथार्थ खर्च भएको छ । राजस्व रु. ४० करोड २ लाख सङ्कलन हुने संशोधित अनुमान गरिएकोमा सङ्कलनमा केही वृद्धि भई रु. ४१ करोड ३० लाख राजस्व आएको छ । विदेशी सहायता रु. २१ करोड ४२ लाख आउने संशोधित अनुमानको बदलामा रु. १८ करोड ५९ लाख मात्र प्राप्त भएको छ । तर यस वर्ष भारतले सोझै संचालन गरेका आयोजनाहरूमा बजेटमा देखाइएको भन्दा रु. ३ करोड ३३ लाख बढी खर्च भएको छ जसमध्ये सिंचाईमा रु. २७ लाख, यातायातमा रु. २ करोड ३८ लाख र विद्युत्मा रु. ६८ लाख बढी खर्च भएको छ । यो रकमसमेत जोड्दा यथार्थमा विदेशी सहायता रु. २१ करोड ९१ लाख र विकास खर्च रु. ३७ करोड ७५ लाख हुन आउँदछ।रु.२करोड ७ लाखको बचत हुने संशोधित अनुमान थियो,तर यथार्थ बचत रु. ६ करोड १७ लाख हुनगएको छ जसमा रु. १ करोड ९६ लाखको विकास ऋणपत्र निष्काशन गरिएको रकम समेत जोड्दा नगद मौज्दात रु. ८ करोड १३ लाखले वृद्धि हुनगएको छ ।

आर्थिक वर्ष २०२६।२७ मा साधारण खर्च रु. २३ करोड २८ लाख र विकास खर्च रु. ६० करोड ८२ लाख गरी जम्मा खर्च रु. ८४ करोड १० लाख हुने अनुमान गरिएको थियो । अब जम्मा खर्च रु. ७१ करोड ९१ लाख हुने संशोधित अनुमान छ जसमध्ये साधारणतर्फ २२ करोड ४६ लाख र विकासतर्फ रु. ४९ करोड ४५ लाख खर्च हुनेछ । राजस्व रु. ४४ करोड २३ लाख उठ्ने अनुमान गरिएकोमा ४३ करोड ५९ लाख मात्र उठ्ने संशोधित अनुमान छ । मुख्यतः छिमेकी राष्ट्रले समुद्रपार र भारततर्फको निकासीमा केही वस्तुहरूमा परिमाणात्मक नियन्त्रण गरेकोले निकासी र पैठारीबाट आउनु पर्ने राजस्व घट्न गएको हुँदा कूल राजस्व केही घट्न गएको छ । विदेशी सहायतातर्फ पनि रु. ३२ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु. २६ करोड ८४ लाख मात्र प्राप्त हुने संशोधित अनुमान छ । तर यस वर्ष पनि भारतले सोझै संचालन गरेका आयोजनाहरूमा बजेटमा देखाइएको रकमभन्दा रु. २ करोड १९ लाख बढी खर्च गरिने अनुमान गरिन्छ । जसमध्ये सिंचाइमा रु. १ करोड ४४ लाख र विद्युत्मा रु. ७५ लाख थप खर्च गरिने संशोधित अनुमान छ । यो रकम पनि समावेश गर्दा विदेशी सहायता रु. २९ करोड ३ लाख र विकास खर्च रु. ५१ करोड ६४ लाख हुनेछ । यस विकास खर्चको रकम अनुमानित रकमको ८५ प्रतिशत हुन आउँदछ । रु. ६ करोड ९४ लाख न्यून हुने अनुमान गरिएकोमा रु. १ करोड ४७ लाखको न्यून हुने देखिएको छ । यसमा प्राप्त भएको रु. ५१ लाखको विदेशी ऋण र रु. २ करोडको विकास ऋणपत्रको निष्काशन रकम पनि हिसाब गर्दा रु. १ करोड ४ लाखले नगद मौज्दात बढ्ने देखिन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ३

अध्यक्ष महोदय, अब म आगामी आर्थिक वर्षको आय व्यय अनुमान पेश गर्दछु । आयतर्फ वर्तमान स्रोतबाट जम्मा रू. ४७ करोड ४३ लाख हुने अनुमान गरिएको छ । यो रकम २०२६।२७ को संशोधित अनुमानको तुलनामा रू. ३ करोड ८४ लाख अर्थात् ९ प्रतिशत बढी हुनआएको छ । कूल खर्च रू. ९७ करोड ३० लाख हुने अनुमान गरिएको छ जसमध्ये साधारण खर्चतर्फ रू. ३४ करोड र विकास खर्चतर्फ रू. ६३ करोड ३० लाख छुटचाइएको छ । साधारण बजेटमा चालू वर्षको संशोधित अनुमानसंग तुलना गर्दा यो रकम अप्रत्याशितरूपले अर्थात् रू. ११ करोड ५४ लाखले बढेको देखिन्छ । आगामी वर्षदेखि लागू हुने गरी विकास बजेटको व्याख्या नयाँ तरीकाबाट गरेको र सोही आधार लिई आगामी वर्षको बजेट तयार गरिएको छ। यस नयाँ व्यवस्था अनुसार विकास बजेटमा रहेको सबै जसो प्रशासकीय खर्चहरू, प्रशासकीय भवनहरूको निर्माण, प्रशासकीय अनुदानहरू, साँवा भुक्तानी र विकास कार्यमा बाहेकका लगानी रकमहरू, मरमत संभारका खर्चहरू र विभिन्न आयोजनाहरूको चालू खर्चहरू साधारण बजेटमा सारिएको छ । यसरी विकास बजेटको नयाँ व्याख्याभित्र नपरेको सम्पूर्ण खर्चहरू साधारण बजेटमा सारिएको हुँदा साधारण खर्च अपेक्षाकृतरूपले ठूलो देखिन आएको हो । यस अनुसार आगामी आर्थिक वर्षको निमित्त साधारण बजेटको कूल खर्चमा संवैधानिक अङ्गहरूमा रू १ करोड ७४ लाख, साधारण प्रशासनमा रू. ५ करोड ८७ लाख, राजस्व प्रशासनमा रू. १ करोड ८४ लाख, आर्थिक प्रशासन र योजनामा रू. ४६ लाख, न्याय प्रशासनमा रू, ६३ लाख, वैदेशिक सेवामा रू. १ करोड ६५ लाख र रक्षामा रू ६ करोड ६ लाख हुन आउँछ । सामाजिक सेवाहरूको जम्मा रू. ६ करोड ८७ लाखमध्ये शिक्षामा रू. २ करोड ९७ लाख, स्वास्थ्यमा रू. १ करोड ४६ लाख, पञ्चायतमा रू. १ करोड ४६ लाख र पिउनेपानी र अन्य सामाजिक सेवाहरूमा रू. ९८ लाख छुटचाइएको छ । आर्थिक सेवाहरूको जम्मा रू. ४ करोड ७१ लाखमध्ये कृषि र सींचाईमा रू. ८६ लाख, यातायात, संचार र विद्युत्मा रू. २ करोड ३९ लाख, भूमिसुधार, बन र कित्ता नापीमा रू. १ करोड ९ लाख र उद्योग तथा अन्य आर्थिक सेवाहरूमा रू. ३७ लाख छुटचाइएको छ । ऋण लगानी, साँवा र व्याज भुक्तानीमा रू. १ करोड ८१ लाख र विविधमा रू. २ करोड ३६ लाखको व्यवस्था भएको छ ।

साधारण बजेटतर्फ संवैधानिक अङ्गहरूको थप खर्चमा खासगरेर राष्ट्रिय पञ्चायत र निर्वाचन आयोगमा पारिश्रमिक सुविधा ऐनबमोजिम जाने थप रकमहरू, राष्ट्रिय पञ्चायत भवन निर्माणको रकम र चुनाव खर्चहरू परेको छ । साधारण प्रशासनमा केही रकम विकास बजेटमा समावेश भएको प्रशासकीय खर्चहरू र निर्माणको रकम सारिएको छ र जिल्लामा केही दरवन्दीहरू थप भएबाट आवश्यक भएको रकम र शाही वायु सेवा निगमले ढुवानी गरे बापत विगत वर्षहरूदेखि तिर्नुपर्ने बांकि रकमहरूको व्यवस्था भएको छ । आर्थिक प्रशासन र योजना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक सेवाहरू र आर्थिक सेवाहरूमा विशेष गरेर विकास बजेटबाट सारिएका रकमहरू परेकोले ठूलो वृद्धि भएको देखिन्छ । आर्थिक प्रशासन र योजनामा तथ्याङ्कको सबै प्रशासकीय खर्चहरू, सामाजिक सेवाहरूमा शिक्षाको सबै प्रशासकीय अनुदान रकमहरू र अरू प्रशासन खर्चहरू, स्वास्थ्यमा खास तोकिएको अवधिभित्र समाप्त हुने आयोजनाहरू जस्तै औलो उन्मूलन र परिवार नियोजन जस्ता आयोजनाहरू बाहेक अरू सबै अस्पताल र हेल्थ पोष्टका चालू खर्चहरू, सूचना र प्रसार विभागको प्रशासकीय खर्चहरू, पञ्चायततर्फ जिल्ला पञ्चायत र वर्गीय संगठनहरूलाई जाने प्रशासकीय अनुदानहरू, पञ्चायत तालीम केन्द्रहरूको चालू खर्चहरू र पिउनेपानीतर्फ प्रशासकीय खर्चहरू सबै साधारण बजेटमा सारिएको छ । आर्थिक सेवाहरूमा कृषितर्फका सबै विभागहरूका केन्द्रीय खर्चहरू, पुनर्वास विभागको केन्द्रीय प्रशासकीय खर्चहरू, पशु चिकित्सालय, व्यावसायिक मत्स्य केन्द्रहरू, सहकारीको प्रशासकीय खर्चहरू र चालू खर्चहरू, सिंचाईतर्फ लघु सिंचाईको प्रशासकीय खर्च र अरू मरमती खर्चहरू, भूमिसुधारतर्फ भूमि विभाग र जिल्ला भूमि-प्रशासन कार्यालयहरूको सबै खर्च, भूमिसुधार विभागको केन्द्रीय प्रशासकीय खर्च, कित्ता नापीतर्फ विभागको प्रशासकीय खर्च र मेण्टिनेन्स सर्भेको प्रशासकीय खर्च, उद्योगतर्फ औद्योगिकक्षेत्रहरूको चालू खर्चहरू र अरू प्रशासकीय खर्चहरू, हुलाकतर्फ सबै प्रशासकीय र चालू खर्चहरू, यातायाततर्फ सडक र हवाईको प्रशासकीय खर्चहरू, विद्युत्तर्फ जिल्लाको संचालन र सम्भार शाखाको सबै चालू खर्चहरू र जलस्रोत तथा जलवायुको चालू खर्चहरू सबै विकास बजेटबाट साधारण बजेटमा सारिएको छ । अरू शीर्षकहरू अन्तर्गत ऋण र लगानी शीर्षकमा तेजारथबाट कर्मचारीहरूलाई जाने सापटी रकम बजेटभन्दा बेग्लै जाने गरेकोले अबदेखि बजेटबाट निर्धारित गरी दिनु उपयुक्त भएकोले सो नयाँ रकम समावेश भएको छ । अरू साँवा भुक्तानीका सबै रकमहरू विकास बजेटबाट साधारण बजेटमा राखिएको छ । विविधको अन्य शीर्षकमा निर्माण रकमको अलावा साविकमा सम्बन्धित शीर्षकमा राखेको फिर्ता खर्चहरू र भवनहरूको लागि आवश्यक मरमत सम्भारको रकम समावेश भएको छ ।

साधारण र विकास खर्चको अनुमान चौथो योजनामा उल्लेखित विकास खर्चको नयाँ परिभाषा अनुसार तैयार गरिएकोले आगामी वर्षको साधारण र विकास खर्चसंग यस वर्ष तथा वितेका वर्षहरूको साधारण र विकास खर्च तुलना गर्न मिलेन ।

आर्थिक वर्ष २०२७।२८ मा विकास खर्च रू. ६३ करोड ३० लाख हुने अनुमान गरिएको छ । उक्त रकममध्ये आर्थिक सेवामा रू. ५२ करोड २ लाख (८२ प्रतिशत), सामाजिक सेवामा रू. ६ करोड ८६ लाख (१६ प्रतिशत) र आर्थिक प्रशासन तथा योजना र विविधमा रू. १ करोड ४२ लाख (२ प्रतिशत) खर्च हुने अनुमान छ ।

सामाजिक सेवातर्फ शिक्षामा रू. ४ करोड ११ लाख (६ प्रतिशत), स्वास्थ्यमा रू. ३ करोड ६४ लाख (६ प्रतिशत), खानेपानीमा रू. १ करोड १४ लाख (२ प्रतिशत) पञ्चायतमा रू. ८४ लाख (१ प्रतिशत) र अन्य सामाजिक सेवाहरूमा रू. १२ लाख (०.२ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक सेवातर्फ सबभन्दा बढी रकम यातायात, संचार तथा विद्युत् विकासको निमित्त पर सारिएको छ । यसमा कूल विकास खर्चको ५५ प्रतिशत अथवा रू. ३४ करोड ६८ लाख खर्च हुने अनुमान छ । कृषि र सिंचाईमा रू. ९ करोड ५१ लाख (१५ प्रतिशत) र उद्योग तथा खानीमा रू. ४ करोड ८१ लाख (८ प्रतिशत) खर्च छुट्याइएको छ । भूमिसुधारमा रू. ४८ लाख (१ प्रतिशत) कित्ता नापीमा रू. ६८ लाख (१ प्रतिशत), बनमा रू. १ करोड ५२ लाख (२ प्रतिशत) र अन्य आर्थिक सेवाहरूमा रू. ३२ लाख (० . ५ प्रतिशत) खर्च हुने अनुमान छ ।

२०२७।२८ को साधारण र विकास खर्चको वर्गीकरण "कार्यमूलक वर्गीकरण" (Functional classification)को आधारमा गरिएको छ । यसबाट सरकारी खर्च कुन कार्यमा लगाइएको छ भन्ने कुराको जानकारी सदनलाई अझ बढ्ता प्रष्ट हुनेछ भन्ने आशा राख्दछु ।

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४

अध्यक्ष महोदय, मैले माथि प्रस्तुत गरेको आय व्यय-विवरणबाट २०२७।२८ मा ९७ करोड ३० लाख रुपैयाँको व्यय र वर्तमान राजस्वको स्रोत् रूबाट ४७ करोड ४३ लाख आय हुने अनुमान पेश गरें । आगामी आर्थिक वर्षमा विदेशी सहायताको रकम रू. ३३ करोड २८ लाख उपलब्ध हुने अनुमान गरिएको छ । यस प्रकार प्रस्तुत व्यय रकममा १६ करोड ५९ लाखको न्यून हुन आउँछ जसलाई पूर्ति गर्न म केही थप करहरू प्रस्ताव गर्दछु ।

आज जुन गतिले विकास कार्यक्रम हामी संचालन गर्न लागेका छौं त्यसको लागि बढी राजस्व प्रत्येक वर्ष आन्तरिक स्रोतबाट परिचालन गर्दै लैजानु पर्ने कुरा स्वतः सिद्ध छ । यस प्रकार थप राजस्व परिचालन गर्दा देश विकासका उद्देश्यहरूसंग सामञ्जस्यता कायम राख्न प्रयास गरिएको छ । यही उद्देश्यले श्री ५ को सरकारले आफ्नो राजस्व नीति निम्न कुराहरूमा आधारित गरेको छः–

(१) थप राजस्व उठाउँदा करको बोझ यथाशक्य निम्नस्तरको आर्थिक अवस्थामा रहेका व्यक्तिहरूमा कम पार्ने र बढी बोझ कर तिर्नसक्ने क्षमताभएकाहरूमाथि लगाउने;

(२) कर नीति विकासको गतिविधिलाई अघि बढाउने एक प्रमुख माध्यम भएकोले विकासको लागि आवश्यक मेशीनरी र औजारहरू तथा तत्सम्बन्धी पार्ट-पूर्जाहरू आदिमा कर आंशिक वा पूर्ण रूपमा छूट दिने; र

(३) देशमा भर्खरैमात्र खडा हुनलागेका उद्योगहरूलाई विदेशी उद्योगहरूको प्रतिस्पर्धाबाट संरक्षण दिन उचित संरक्षणात्मक करहरू लगाउने ।

यस प्रकार विकासको लागि आवश्यक सामानहरूमा कर प्रायः पुरै छूट वा संरक्षणको लागि आवश्यक मात्रामा मात्र कर लगाइएको छ र विकासको लागि चाहिने आवश्यक वित्तीय साधन निम्न आय भएका व्यक्तिहरूसंग कम र अधिक आय भएका व्यक्तिहरूसंग बढी लिने कोशिश गरिएको छ । यसरी विकासको आवश्यकता र हाम्रो सामर्थ्य दुवैको बीच यथासम्भव सन्तुलन ल्याउने प्रयास भएको छ ।

अध्यक्ष महोदय, मदभट्टी प्रथा अन्त गरी डिष्टीलरी उद्योग स्थापना गर्ने श्री ५ को सरकारको नीति अनुरूप नयाँ डिष्टीलरी प्लाण्ट स्थापन गर्नेहरूलाई प्रोत्साहित गरिनेछ र डिष्टी-लरी भएका ठाउँहरूमा यथाशक्य ठेक्का लगाइने छैन । अधिराज्यभरिमा डिष्टीलरीको व्यवस्था नभएसम्म जिल्लालाई ससाना क्षेत्रमा विभाजित गरी परीक्षणको रूपमा केही जिल्लाहरूमा कटकेन्दारी ठेक्का व्यवस्था मिलाइएको छ । ठेकदारी प्रथाबाट ठेक्का केही व्यक्तिहरूको हातमा सीमित रहन गई एकलौटे व्यवसाय हुन गएबाट राजस्वमा प्रतिकूल असर पर्न गएको अनुभव भएकोले कटकेन्दारी (सानो सानो) इलाकामा विभाजन गरी ठेक्का दिने व्यवस्था शुरू गरिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हो । यस व्यवस्थाबाट राजस्व वृद्धि हुनाको साथै सानातिना व्यापारीहरूले पनि व्यवसाय गर्न सक्नेछन् । तसर्थ आगामी आर्थिक वर्षमा अन्य जिल्लाहरूमा पनि कटकेन्द्वारी ठेक्का व्यवस्था गरिनेछ ।

चर्सा र सुंगुरको जगरको ठेक्का आगामी आर्थिक वर्षदेखि खारेज गरिनेछ । ठेक्का प्रथा खारेजीले यी कच्चा पदार्थहरू देशमा नै प्रशोधन हुन गई उद्योगलाई प्रोत्साहन मिल्नेछ । सुंगुरको जगरमा लागेको अन्तःशुल्क पनि खारेज गरिएको छ ।

चुरोटमा प्रतिहजार रू. २० सम्म पर्नेमा रू. ५।५०, रू. ३० सम्म पर्नेमा रू. ६।७५ र रू. ३० भन्दा बढी पर्नेमा रू. ८ अन्तःशुल्क लागी आएकोमा अब क्रमशः रू. १०, रू. १३, र रू. १५ लगाई असूल उपर गरिनेछ । यसबाट रू. ७० लाख बढी राजस्व आउने अनुमान छ ।

अन्तःशुल्क बुझाउनेहरूको सुविधाको ख्याल राखी असूली प्रणालीमा सुगमता ल्याउने उद्देश्यले २९ हर्सपावरसम्मको चामल मिल र तेलपेल्ने मिलहरूको निमित्त फ्ल्याट रेटमा अन्तः शुल्क दर कायम गरी असूल गर्ने व्यवस्था मिलाइएको छ । अरू अन्तःशुल्कका दरहरू पूर्ववत् कायम रहनेछन ।

अध्यक्ष महोदय, विलासिताका सामानहरूमा र स्थानीय उद्योगहरूको विकास तथा विस्तारको लागि विदेशी वस्तुहरूको प्रतिस्पर्धाबाट संरक्षण गर्न केही सामानहरूमा भन्सार दर वृद्धि गरिएको छ ।

भन्सारको पैठारी महसूलतर्फ रम, जीन, भोड्का र ह्विस्की ब्राण्डीमा छुट्टाछुट्टै दरबन्दी भएकोमा अब रम, जीन, भोड्का, ह्विस्की र ब्राण्डीको लागि पैठारी भन्सार महसूलको दरबन्दी एउटै गरी प्रति एल. पी. ग्यालन रू. ३३०।– र ७० प्रतिशत सरचार्ज अथवा मूल्यको ३०० प्रतिशत र ७० प्रतिशत सरचार्ज लगाइएको छ । यस्तै गरी भरमाउथ, कम्पारी, स्याम्पेन, टेबल वाइन तथा अन्य वाइनमा भएको छुट्टाछुट्टै दरबन्दीलाई खारेज गरी हाल यी सबैमा प्रति ग्यालन रू. २५०। र ३५ प्रतिशत सरचार्ज अथवा मूल्यको १७५ प्रतिशत र ३५ प्रतिशत सरचार्ज लगाइएको छ । बियर-मा सरचार्ज ३५ प्रतिशत लागि आएकोमा अब ३५ प्रतिशत थप गरी ७० प्रतिशत गरिएको छ । सवारीको साधनतर्फ सबै किसिमका मोटरहरू, जीप, ल्याण्डरोवर, स्टेशन वाइगन, भ्यान, माइक्रो-बसमा हालको मोल प्रतिशत दरको ५० प्रतिशत जति वृद्धि अथवा प्रति गाडीमा लाग्ने न्यूनतम महसूलको ७५ प्रतिशत वृद्धि गरी पूर्ववत् २० प्रतिशत सरचार्ज समेत लगाइएको छ । यस्तै गरी मोटरसाइकल, स्कूटर, तीन पहियां गाडी पैठारी हुँदा हालको दरमा १२ देखि १४ प्रतिशतसम्म वृद्धि गरिएको छ । तर सार्वजनिक यातायात वा विकासको काममा लाग्ने बस, ट्रक, लरी तथा पीकअप भ्यानमा भन्सार दर यथावत् कायम रहेको छ । सरचार्ज समेत गरी नाइलन, टेरेलिन, डेक्रन र ब्रोकेड कपडाहरूको दरबन्दीमा पैठारी महसूलतर्फ ६ देखि १५ प्रतिशतसम्म वृद्धि गरि-एको छ । यसैगरी मेटालिक यार्नको पैठारी महसूलमा पनि १३ प्रतिशत वृद्धि गरिएको छ ।

अध्यक्ष महोदय, माथि मैले उल्लेख गरेबमोजिम स्वदेशी उद्योगलाई प्रोत्साहन तथा संरक्षण दिन केही वस्तुहरूको पैठारी महसूल तथा सरचार्जमा वृद्धि गरिएको छ । जुत्ताको पैठारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महसूलमा २ प्रतिशत, सबै किसिमको फर्निचरहरूमा ८ देखि ११ प्रतिशतसम्म, कब्जा छिस्कनीमा ७ प्रतिशत, फलफूलको सर्बत, जाम, जेली आदिमा ३ देखि १५ प्रतिशत र चियामा ५ प्रतिशत वृद्धि गरिएको छ ।

चुरोटको पैठारीमा प्रतिहजार खिल्ली रू. १०। सम्मको मोल पर्नेमा महसूलतर्फ ४८ प्रतिशत तथा रू. ५ प्रति हजार खिल्ली सरचार्ज, रू. ३४ सम्मको मोल पर्नेमा ३५ प्रतिशत र सोभन्दा बढी मोल पर्नेमा ४० प्रतिशत महसूल वृद्धि गरिएको छ ।

औषधिको पैठारीतर्फ सन्तति निरोधक (परिवार नियोजन) औषधि तथा साधनहरूमा लागी आएको पैठारी महसूल माफी गरिएको छ।

देश विकासमा कृषिको विशेष महत्वलाई ध्यानमा राखी कृषिमा प्रयोग हुने ट्याक्टर, ट्याक्टरको टायर ट्यूब र पार्टपूर्जा, सिंचाई पम्प, खाद र इन्क्यूबेटरमा तथा उद्योगको विकास तथा संरक्षणको लागि औद्योगिक मेशीनरी र तत्सम्बन्धी पार्टपूर्जा र मेशीनको विद्युत् सम्बन्धी अङ्गहरूमा समेत पूर्ववत् पैठारी महसूल सुविधा दिइएको छ । यसको अतिरिक्त उद्योगको लागि पैठारी हुने जूट ब्याचिङ्ग आयल र जूट ब्याचिङ्ग सोपमा १ प्रतिशत मात्र पैठारी महसूल लिइनेछ ।

सुंगुरको जगर र चर्साको ठेक्का खारेज गरिएकोले यी कच्चा मालहरू प्रचूर मात्रामा स्थानीय उद्योगलाई उपलब्ध गराउन यस्ता वस्तुहरूको निकासीमा भन्सार दर वृद्धि गरिएको छ । कस्तूरी, अभ्रख, बाघ र चितुवाको छालामा पनि भन्सार महसूल वृद्धि गरिएको छ ।

निकासी पैठारी दरहरूको प्रस्तावित संशोधनहरूबाट रू. ४० लाख थप राजस्व आउने अनुमान छ ।

अरूमा भन्सार दरबन्दीको अनुसूचीहरूमा उल्लेख भएबमोजिम हुनेछ ।

अध्यक्ष महोदय, मालपोतको दर यथावत् कायम राखिएको छ । रेजिष्ट्रेशन दस्तूरको दर पनि साविकबमोजिम नै कायम राखिएको छ तर औद्योगिक र कृषि कर्जा लिनेहरूलाई सहूलियत दिन नेपाल औद्योगिक विकास कर्पोरेशन, कृषि विकास बैंक र भूमिसुधार बचत संस्थानको कर्जा तथा लगानी कारोबारमा रेजिष्ट्रेशन दस्तूर माफ गरिएको छ ।

अध्यक्ष महोदय, कृषि उद्योग विकासको लागि कृषि उत्पादनमा उपयोग हुने मेशीन, औजार, तत्सम्बन्धी पार्टपूर्जा, घरेलु स्तरमा बन्ने नेपाली क्यूरियो तथा गहना, औषधि, प्रशोधन नभएको खाद्यान्न, साधारण शैक्षिक सामग्रीहरूमा पूर्ववत् बिक्रीकर माफी नै गरिएको छ । यसको अतिरिक्त नेपाली हैण्डलूम कपडाहरूमा बिक्रीकर माफी गरिएको छ । निजी उपयोगको निमित्त यात्रुले ल्याएको सामानमा भन्सारतर्फका गुन्टाझिटी भारी नियममा उल्लिखित सामानहरूमा पनि बिक्रीकर लाग्ने छैन ।

हालसम्म मूल्यको ७ प्रतिशत बिक्रीकर लाग्ने माल वा वस्तुमा ६ प्रतिशतले बिक्रीकर लाग्ने र असूल उपर गरिनेछ तर हाल मूल्यको ५ प्रतिशत लागिआएका मालसामानहरूको बिक्रीकरको दरमा कुनै परिवर्तन गरिएको छैन । साथै केही सामानहरू जस्तैः स्प्रीट, सिनेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारबोन, सिन्थेटिक छालाबाट तयार भएका सामानहरू मेटालिक यार्न आदिमा अनुसूचीबमोजिम कर लगाइने र असूल उपर गरिनेछ। यसबाट रू. ९६ लाख बढी राजस्व आउने अनुमान छ।

आयकर सुविधा पाएका र पाउने उद्योगहरूले आय विवरण दाखिल गर्नु पर्नेछ र उद्योगको आफ्नो औद्योगिक आयमा मात्र आयकर छूट दिने कुरा स्पष्ट गरिएको छ ।

अरू करहरूमा दर वृद्धि गरिएको छैन बरू प्रशासनलाई अझ बढी प्रभावकारी र व्यापक गराई बढी राजस्व संकलन गर्ने लक्ष्य राखिएको छ ।

देशको सिमाना खुला भएको हुँदा चोरी व्यापारबाट राजस्वको चुहावट रोक्न ठोस प्रशासकीय कदमहरू चालिने छन् जसबाट पनि थप राजस्व संकलन हुनेछ ।

माथि उल्लिखित कर परिवर्तनहरू सामान्य प्रकारका हुन् । खाद्य पदार्थ र कृषि पैदावारहरू र औद्योगिक तथा कृषि विकास सम्बन्धी सामाग्रीहरूमा भन्सार तथा अन्य करहरू, नभएका अथवा नगण्यरूपमा रहेकाले यसबाट मूल्य स्थितिमा प्रतिकूल असर पार्ने सम्भावना छैन । बिक्रीकरमा थप भएका वस्तुहरूमा पनि खास गरेर आवश्यकीय वस्तुहरूमा थप नभएकोले त्यस्ता वस्तुहरूमा मूल्य बढ्ने छैन । मुख्यत: बिलासी तथा अर्ध बिलासी सामानहरूमा करहरू बढाइएबाट तिनीहरूको मूल्यमा वृद्धि हुने सम्भावना छ । मौका छोपेर अनुचित मात्रामा मूल्य वृद्धि गराउने चेष्टा गर्नु समाजको लागि अहितकर हुनेछ र यस्तो हुन नदिन सबैलाई सहयोग गर्न अपील गर्दछु । अन्यथा श्री ५ को सरकारले वस्तुहरूको मूल्य उचित स्तरमा कायम गर्न कडा आर्थिक तथा प्रशासकीय कारवाई गर्न बाध्य हुने कुरा पनि अवगत गराउन चाहन्छु ।

अध्यक्ष महोदय, माथि प्रस्तुत कर परिवर्तनबाट रू. २ करोड ६ लाख राजस्व वृद्धि हुनेछ । यस प्रकार रू. १४ करोड ५३ लाख नपुग हुन आउँदछ । विदेशबाट रू. ६ करोड ९६ लाख ऋण प्राप्त हुने अनुमान छ । आन्तरिक ऋण रू. ३ करोड उठाउने प्रस्ताव राख्दछु । नपुग रकम रू. ४ करोड ५७ लाख मौज्दातबाट व्यहोरिनेछ ।

विगत ३ वर्षदेखि बजेटमा बचत हुँदै आएको कुरा विगत वर्षहरूको आयव्यय विवरणबाट स्पष्ट हुन्छ । यस प्रकार श्री ५ को सरकारसंग रहेको नगद मौज्दातमा वृद्धि हुँदै गैरहेको छ । घाटा बजेट प्रस्तुत गरेको छु तापनि सरकारको मौज्दातको दृष्टिकोणबाट यो घाटा रकम व्यहोर्ने साधनको कमी छ भन्ने अवस्थामा श्री ५ को सरकार छैन तर घाटाको ठूलो रकम एकै वर्ष मौज्दातबाट खर्च गर्दा अर्थ व्यवस्थामा प्रतिकूल असर पर्न सक्दछ । त्यसकारण पनि घाटाको केही अंश व्यहोर्न थप कर प्रस्ताव पेश गरेको छु । आगामी वर्ष खुद घाटा रकम रू. ४ करोड ५७ लाख मौज्दातबाट व्यहोरिने छ । तर यसो गर्दा श्री ५ को सरकारको विदेशी विनियम संचयको उपयोग हुने तरीकाबाट खर्च हुनेछ । ताकि देशको आर्थिक व्यवस्थामा यसबाट प्रतिकूल असर पर्न नसकोस् । यहाँ यो स्मरणीय छ कि हाम्रो जस्तो अर्थ व्यवस्थामा बजेटको घाटाको असर आन्तरिक मूल्य स्थितिमाभन्दा वैदेशिक भुक्तानी स्थितिमा पर्दछ । हाल हाम्रो विदेशी मुद्राको संचयको स्थिति संतोषजनक भएकोले पनि घाटा बजेटबाट आर्थिक व्यवस्थामा केही प्रतिकूल असर पर्नेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपर्युक्त प्रस्तावित आर्थिक कदमहरूबाट स्थानीय साधनको बढी से बढी परिचालन गर्न श्री ५ को सरकार सचेत रहेको कुरा स्पष्ट हुन्छ । तर आर्थिक विकासको क्रममा अझै पनि प्राथमिक चरणमा रहेको नेपाल जस्तो देशमा स्थानीय साधनमात्र पर्याप्त नहुने कुरा स्पष्ट छ । तसर्थ विगत वर्षहरूमा झैं आगामी आर्थिक वर्षमा पनि हाम्रा मित्रराष्ट्रहरूबाट प्रदान गरिने आर्थिक तथा प्राविधिक सहायताको विशेष योगदान हुनेछ । २०२७–२८ को विकास बजेटमा समावेश गरिएका विभिन्न विकास कार्यहरूको सन्चालनको लागि मित्रराष्ट्र भारतबाट रू. १५ करोड २ लाख, मित्रराष्ट्र चीनबाट रू ६ करोड ५३ लाख र संयुक्त राज्य अमेरिकाबाट रू. ६ करोड ७२ लाखको सहायता प्राप्त हुने अनुमान गरिएको छ । यस्तै संयुक्त अधिराज्य तथा सोभियत रूसबाट पनि विगत वर्षहरूमा झैं सहायता उपलब्ध हुनेछ । संयुक्त राष्ट्र संघ विशेष कोषबाट पनि आगामी वर्ष रू. २ करोड ५८ लाखको सहायता प्राप्त हुने अनुमान गरिएको छ ।

यसरी हाम्रा सबै मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संस्थाहरूले नेपालको आर्थिक विकासमा अभिरूचि देखाई प्रदान गर्दै आएको आर्थिक सहायताको लागि म श्री ५ को सरकार तथा नेपाली जनताको तर्फबाट कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ५

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२७–२८ को परिवर्त्य विदेशी विनिमयको आम्दानी खर्चको विवरण प्रस्तुत गर्दछु ।

आर्थिक वर्ष २०२६।२७ मा आम्दानीतर्फ रू. १ करोड ३१ लाखले घट्न गई रू. २५ करोड ५ लाख र खर्चतर्फ रू. ६ करोड ३१ लाखले वृद्धि भई रू. १८ करोड १ लाख पुग्ने संशोधित अनुमान छ । आम्दानी घट्न गएको तर खर्च भने बढ्न गएकोले २०२६।२७ मा परिवर्त्य विदेशी मुद्राको बचत रू. ७ करोड ४ लाख मात्र हुने संशोधित अनुमान छ । जब कि २०२५।२६ मा रू. १४ करोड ६६ लाखको बचत भएको थियो । २०२५।२६ को तुलनामा २०२६।२७ मा मालसामानको निर्यात रू. ४ करोड ६७ लाखले घट्न गई रू. ९ करोड ६ लाखमा झर्ने अनुमान गरिएकोले आम्दानी यसरी कम हुन गएको हो । छिमेकी देशसंगको वाणिज्य सम्बन्धी वार्ता कुनै निष्कर्षमा नपुगेबाट व्यापार र औद्योगिक क्षेत्रमा अनिश्चितताको वातावरण सृजना हुन गएकोले समुद्रपारतर्फको निर्यातमा यस प्रकारको धक्का लागेको हो । खर्चतर्फ यस वर्ष मालसामानको आयातमा निकै वृद्धि हुनगएकोले परिवर्त्य मुद्राको खर्च बढ्न गएको छ ।

आर्थिक वर्ष २०२७।२८ मा परिवर्त्य मुद्राको आम्दानीमा रू. १५ लाखले मात्र वृद्धि भई रू. २५ करोड २० लाख हुने र खर्चतर्फ रू. १० करोड ४७ लाखले वृद्धि भई रू. २८ करोड ४८ लाख हुने अनुमान छ । आम्दानीतर्फ मालसामानको निर्यातमा रू. १ करोड ६ लाखले घट्न गई रू. ८ करोड मात्र हुने, अदृश्य निर्यातमा रू. ६६ लाखले वृद्धि भई रू. १० करोड ८० लाख पुग्ने र विदेशी सहायतामा रू. १ करोड ७० लाखले वृद्धि भई रू. ३ करोड ७० लाख हुने अनुमान छ । खर्चतर्फ सबभन्दा ठूलो वृद्धि मालसामानको आयातमा हुने अनुमान छ । यस खर्चमा रू. ८ करोड ३३ लाखले वृद्धि भई रू. २० करोड ७५ लाख पुग्ने अनुमान छ । खर्चतर्फ निकै ठूलो वृद्धि हुने अनुमान गरिएकोले २०२७।२८ मा रू. ३ करोड २८ लाखको घाटा हुने अनुमान गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६

अध्यक्ष महोदय, सदनको समक्ष मैले आगामी वर्षको लागि श्री ५ को सरकारबाट संचालन गरिने कार्यक्रमहरू र आय व्ययको विवरण पेश गरें । आगामी वर्षदेखिन् कार्यान्वयन गरिने चौथो योजना पनि सदनमा पेश भइसकेकै छ । योजना तथा वार्षिक बजेट देश विकासका कार्यक्रमहरू सन्चालन गर्ने आधारभूत माध्यम हुन् । तर बजेट वा योजनाको तर्जुमा जतिसुकै राम्रो किन नहोस्, यसको अन्तिम मूल्याङ्कन कार्यान्वयनको आधारमा गरिन्छ । हाम्रो बढ्दो आकांक्षाहरू विगत वर्षहरूका बजेटबाट प्रतिविम्बित भएका छन् । यी आकांक्षाहरूलाई पूर्ति गर्नमा हामीले जे जति सफलता प्राप्त गर्न सक्यौं त्यसबाट हाम्रो उत्साहलाई अझ बधावा दिएको छ । तर यतिले मात्र हामीले सन्तोष लिने बेला छैन र हाम्रो बढ्दो आकांक्षा तथा आवश्यकता-हरूलाई पूरा गर्न आर्थिक विकासको गतिलाई अझै तीब्ररूपले अघि बढाउनु परेको छ । साथै म फेरि यो कुरा दोहऱ्याउन चाहन्छु कि आर्थिक विकासको लागि हाम्रो आकांक्षाहरूमा वृद्धि हुनु जति आवश्यक छ उति नै वास्तविकतालाई बिर्सेर बढी आकांक्षा तथा आशा राख्नु खतरनाक हुन्छ किनभने आर्थिक विकासका विभिन्न चरणहरू हुन्छन् जुन एक अर्कोसंग आबद्ध रहन्छ । यसरी हामीले वास्तविकताभन्दा टाढाको आकांक्षा राख्न थाल्यौं भने हाम्रो प्रयासको बाबजुद जनतामा नैराश्यताको भावना आउने आशङ्का हुन्छ र भविष्यमा यी कुरा नै आर्थिक विकासको लागि अवरोधको रूपमा रहने डर हुन्छ । तसर्थ श्री ५ को सरकारले आफ्नो लक्ष्य निर्धारण गर्दा यस कुरामा पूरा ध्यान दिएको छ र निर्धारित लक्ष्य पूरा गर्न श्री ५ को सरकार सदैव दृढ रहनेछ । यसको लागि बजेटमा समावेस गरिएका कार्यक्रमहरूको कार्यान्वयन-तर्फ विशेष रूपले श्री ५ को सरकारले ध्यान दिनेछ भन्ने कुरा माननीय अध्यक्षज्यू मार्फत् सदनलाई बोध गराउन चाहन्छु ।

आज देशमा वित्तीय साधनको कमी भन्दा व्यवस्थापनको स्तरमा प्राविधिक तथा प्रशासकीय दक्षताको कमी छ भन्नुमा केही अत्युक्ति नहोला । प्रशासकीय दक्षता तथा प्राविधिक ज्ञानप्राप्त गर्न समय लाग्दछ भन्ने कुरा हालसम्मको अनुभवबाट पनि स्पष्ट भएको छ। हाम्रो आधु-निक प्रशासन यन्त्रको इतिहास देश विकासको इतिहासभन्दा लामो छैन, तर अल्प समयमा पनि यसले आज देशलाई अघि बढाउने काममा ठूलो सेवा पुऱ्याएको छ भन्ने कुरा हामीले सम्झनुपर्दछ । विकास कार्यक्रमहरूको प्रभावकारी संचालन एक दक्ष तथा निपुण प्रशासन यन्त्रको स्थापनाबाट मात्रै सम्भव छ भन्ने कुरा महसूस गरेर नै त्यस अनुरूप वातावरण सृजना गर्न श्री ५ को सरकार सचेष्ट छ ।

बजेट देशको आवश्यकता, समयको चुनौति र उपलब्ध हुन सक्ने साधनको एक रूपरेखा हो । साथै यो हाम्रो लक्ष्य र प्राथमिकता अनुरूप निर्धारित दिशातर्फ अघि बढाउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुशासनको माध्यम पनि हो । देश आज एक निर्दिष्ट लक्ष्यतर्फ अगाडि बढिरहेको छ । पञ्चायत व्यवस्थाले आज प्रत्येक पञ्चलाई अधिकारको बोध र कर्तव्यको जिम्मेवारी स्पष्ट रूपमा अगाडि राखिदिएको छ जसले गर्दा आज प्रत्येक नेपालीले देश विकासको काममा एक सक्रिय सहयोगीको रूपमा आफूलाई पाएको छ । प्रत्येक नेपालीको साझा जिम्मेवारी देश विकास गर्नु हो । आज यसलाई व्यक्तिगत रूपमा निजी उद्यमलाई विकास गरेर होस्, पारस्परिक सहयोगबाट साझा उद्यमको माध्यमबाट होस् वा सरकारी स्तरमा चालू आयोजनाहरूमा कार्यकर्ताको रूपमा होस् सबैले सहयोग गर्दछन् र यो जारी रहने प्रक्रिया हो । देशको उन्नतिको आकांक्षा लिने कुनै पनि नेपालीले आफूलाई यो प्रयासबाट अलग छु भन्न सक्ने अवस्था छैन । बजेटमा उल्लेखित नीति र कार्यक्रम सही रूपमा प्रतिपादन गरेर आर्थिक वर्षको अन्त्यमा सफलता हासिल गर्न हामी सबै एक भई काम गर्न सक्नेछौं भन्ने विश्वास लिएर म आफ्नो बजेट वक्तव्य यहीं टुङ्ग्याउँछु ।

धन्यवाद !

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च ब्यहोर्ने श्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

| २०२५।२६ को यथार्थ | खर्च | २०२६।२७ को संशोधित अनुमान | २०२७।२८ को अनुमान |
|---|---|---|---|
| ५३,७२,०६ | कूल खर्च | ७१,९०,६० | ९७,३०,०५ |
| १९,२९,८१ | साधारण तर्फ | २२,४५,८५ | ३३,९९,५८ |
| ३४,४२,२५ | विकास तर्फ | ४९,४४,७५ | ६३,३०,४७ |
| | **खर्च ब्यहोरिने श्रोतहरू** | | |
| ४१,३०,३४ | राजस्वबाट | ४३,५८,९७ | ४९,४९,४० |
| | आयको बर्तमान श्रोतबाट | | ४७,४३,४० |
| | कर प्रस्तावबाट | | २,०६,०० |
| १८,५८,९८ | विदेशी सहायताबाट | २६,८४,२९ | ३३,२७,५६ |
| १०,६४,८२ | भारत ★ | १४,००,६१ | १५,०१,९२ |
| ३,७५,५६ | चीन | ७,२५,१० | ६,५३,०० |
| ३,८५,३२ | अमेरिका | ४,३७,८१ | ६,७२,०० |
| १३,०० | बेलायत | ५१,१० | १,७१,०० |
| १२,५० | रूस | ४५,०० | ३५,०० |
| × | संयुक्त राष्ट्रसंघ विकास कोष | × | २,५८,१४ |
| ७,७८ | अन्य | २४,६७ | ३६,५० |
| +६,१७,२६ | बचत (+) वा न्यून (−) | − १,४७,३४ | − १४,५३,०९ |
| | **ब्यहोरिने श्रोतहरू** | | |
| × | विदेशी ऋण | ५१,१० | ६,९५,७७ |
| १,९६,०० | आन्तरिक ऋण | २,००,०० | ३,००,०० |
| − ८,१३,२६ | नगद मौज्दात (बचत−) | − १,०३,७६ | ४,५७,३२ |

★ भारतबाट सोझै संचालित आयोजनाहरूमा २०२५।२६ र २०२६।२७ आर्थिक वर्षहरूमा क्रमशः रू. ३ करोड ३३ लाख र रू. २ करोड १९ लाख बढी खर्च भएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०२७।२८ को राजस्व
### अनुमान

रू. हजारमा

| क्र. सं. | शीर्षक | उप-शीर्षक | २०२५।२६ को यथार्थ ✱ | २०२६।२७ को संशोधित अनुमान | २०२७।२८ को अनुमान: वर्तमान श्रोतबाट | २०२७।२८ को अनुमान: कर परिवर्तनबाट | २०२७।२८ को अनुमान: जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | भन्सार | | १८,३५,६४ | १८,९३,४८ | २०,४६,६५ | +४०,०० | २०,८६,६५ |
| | | (क) निकासीबाट– | ४,०४,२१ | २,१२,६० | २,८०,५० | +१६,०० | २,९६,५० |
| | | (ख) पैठारीबाट– | ११,०२,४४ | १२,७४,१५ | १२,८५,०० | +२४,०० | १३,०९,०० |
| | | (ग) भारतबाट अन्त:शुल्क फिर्ता– | ३,१९,७३ | ३,९५,६५ | ४,७५,०० | × | ४,७५,०० |
| | | (घ) विविध– | ९,२६ | ११,०८ | ६,१५ | × | ६,१५ |
| २ | अन्त:शुल्क | | २,८०,४३ | ३,५१,६६ | ४,०१,३७ | +७०,०० | ४,७१,३७ |
| | | (क) ठेक्का रकम– | ८३,०३ | ८९,४८ | ९८,७० | × | ९८,७० |
| | | (ख) औद्योगिक उत्पादन | १,७७,८२ | २,१०,५४ | २,४६,९७ | +७०,०० | ३,१६,९७ |
| | | (ग) कृषि उत्पादन– | १०,९९ | ४५,४७ | ४९,५० | × | ४९,५० |
| | | (घ) विविध– | ८,५९ | ६,२० | ६,२० | × | ६,२० |
| ३ | मालपोत | (क) रैकर | ७,९३,५२ | ८,००,०० | ८,००,०० | × | ८,००,०० |
| | वन | | २,११,२१ | १,७२,१३ | २,१२,०१ | × | २,१२,०१ |
| | | (क) लकडी बिक्री– | १,९२,०२ | १,४७,७८ | १,९१,१५ | × | १,९१,१५ |
| | | (ख) शिकार तथा रवायल्टी– | १,४१ | ५,४७ | ५,५३ | × | ५,५३ |
| | | (ग) विविध– | १७,७८ | १८,८८ | १५,३३ | × | १५,३३ |
| ५ | कर | | ७,०८,७६ | ७,२५,५१ | ७,७०,९६ | +९६,०० | ८,६६,९६ |
| | | (क) आय कर– | १,६७,३१ | १,७९,३२ | २,००,०० | × | २,००,०० |
| | | (ख) मनोरञ्जन कर | १९,०१ | २१,२६ | २३,७२ | × | २३,७२ |
| | | (घ) शहरी क्षेत्रको घरजग्गा– | ४,०३ | ४,३७ | ६,९१ | × | ६,९१ |
| | | (ङ) विदेशी लगानी | १० | ४० | × | × | × |
| | | (च) घर बहाल कर– | ६,९२ | ५,६१ | × | × | × |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | शीर्षक | उप-शीर्षक | २०२५।२६ को यथार्थ | २०२६।२७ को संशोधित अनुमान | २०२७।२८ को अनुमान वर्तमान श्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | (च) हवाई उडान कर– | ३,६५ | ३,६७ | ४,५४ | × | ४,५४ |
| | | (छ) होटेल कर– | २,६५ | ३,१४ | ४,५० | × | ४,५० |
| | | (ज) ठेक्का कर– | २२,८६ | १६,५६ | १८,४६ | × | १८,४६ |
| | | (झ) बिक्री कर– | ४,८०,३६ | ४,६०,०५ | ५,१२,०० | +९६,०० | ६,०८,०० |
| | | (ञ) विविध– | १,५१ | ८३ | ८३ | × | |
| ६ | रजिष्ट्रेशन | | ६४,१६ | १,१८,१५ | १,३०,०० | × | १,३०,०० |
| | | (क) घर जग्गा– | ५७,२२ | १,०७,५४ | १,१८,८६ | × | १,१८,८६ |
| | | (ख) कम्पनी ऐन अन्तर्गत– | ४,२१ | ३,५२ | ३,६० | × | ३,६० |
| | | (ग) फाराम रजिष्ट्रेशन– | १,३१ | ७० | ७३ | × | ७३ |
| | | (घ) एजेन्सी रजिष्ट्रेशन– | १४ | २३ | २५ | × | २५ |
| | | (ङ) बन्दूक पिस्तौल रजिष्ट्रेशन– | ६८ | ५३ | ५६ | × | ५६ |
| | | (च) सवारी लाइसेन्स– | ६० | ५,६३ | ६,०० | × | ६,०० |
| ७ | सिंचाई पानी | | १०,९७ | ११,४६ | १२,४६ | × | १२,४६ |
| | | (क) पानीपोत– | २,४० | २,४१ | २,६९ | × | २,६९ |
| | | (ख) धारा महसूल– | ८,५७ | ९,०५ | ९,७७ | × | ९,७७ |
| ८ | सञ्चार | | ५६,६० | ४५,२६ | ४५,०० | × | ४५, |
| | | (क) हुलाक– | ३८,३९ | ४०,०० | ४५,०० | × | ४५,०० |
| | | (ख) दूर सञ्चार– | १८,२१ | ५,२६ | × | | |
| ९ | यातायात | | ५,६४ | ८,६१ | १०,७५ | × | १०,७५ |
| | | (क) हवाई– | ४,९२ | ७,८६ | १०,०० | × | १०,०० |
| | | (ख) विविध– | ७२ | ७५ | ७५ | × | ७५ |
| १० | ब्याज तथा लाभांश | | ८२,१४ | १,४६,२१ | २,१७,०० | × | २,१७,०० |
| | | (क) तेजारथबाट गएको ऋणको ब्याज– | २,८० | १,८८ | २,०० | × | २,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं | शीर्षक | उप-शीर्षक | २०२५।२६ को यथार्थ | २०२६।२७ को संशोधित अनुमान | २०२७।२८ को अनुमान वर्तमान श्रोतबाट | २०२७।२८ को अनुमान कर परिवर्तन बाट | २०२७।२८ को अनुमान जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | (ग) शेयरमा लगानी | ७६,३४ | १,५४,३३ | १,६५,०० | × | १,६५,०० |
| | | (घ) तेजारथबाट गए-को ऋण फिर्ता- | × | × | ५०,०० | × | ५०,०० |
| ११ | निजामती प्रशासन | | ४५,६७ | ४६,८६ | ५३,५० | × | ५३,५० |
| | | (क) न्याय- | २०,५५ | २४,०० | २८,०० | × | २८,०० |
| | | (ख) शिक्षा- | ८,५२ | ६,८८ | ११,०० | × | ११,०० |
| | | (ग) स्वास्थ्य- | ३,६४ | ४,०२ | ४,१० | × | ४,१० |
| | | (घ) पशु तथा मत्स्य पालन- | १,४० | ३,२८ | ४,४० | × | ४,४० |
| | | (ङ) सूचना तथा प्रसार- | २,६० | ३,२५ | ३,५० | × | ३,५० |
| | | (च) विविध- | ८,६६ | २,४३ | २,५० | × | २,५० |
| १२ | विविध | | ३५,३० | ३६,६१ | ४०,७० | × | ४०,७० |
| | | (क) पासपोर्ट र भिसा- | ६,८६ | ७,०० | ८,०० | × | ८,०० |
| | | (ख) अभियान :वायल्टी- | ५४ | १,११ | १,२० | × | १,२० |
| | | (ग) भारत सरकार बाट आउने- | १३,५० | १३,५० | १३,५० | × | १३,५० |
| | | (घ) अरू फुटकर- | १४,४० | १८,०० | १८,०० | × | १८,०० |
| | | कूल जम्मा | ४१,३०,३४ | ४३,५८,६७ | ४७,४३,४० | +२,०६,०० | ४६,४६,४० |

✱ विभिन्न मन्त्रालयहरूबाट प्राप्त हिसाबको आधारमा तयार गरिएको । महालेखा परीक्षकको विभागबाट अन्तिम लेखापरीक्षण पूरा हुन बांकी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०२७।२८ को व्यय अनुमान

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२७।२८ को व्यय अनुमान: साधारण | विकास | जम्मा |
|---|---|---|---|---|---|
| १ संवैधानिक अंगहरू | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६५,०३ | × | ६५,०३ |
| | १–२ | राजसभा | ३,०३ | × | ३,०३ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ४३,६५ | × | ४३,६५ |
| | १–४ | महालेखा परीक्षकको विभाग | १८,५१ | × | १८,५१ |
| | १–५ | सर्वोच्च अदालत | १३,१० | × | १३,१० |
| | १–६ | लोक सेवा आयोग | ६,५६ | × | ६,५६ |
| | १–७ | निर्वाचन आयोग | २१,११ | × | २१,११ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | १२,३६ | × | १२,३६ |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | १,०८,२७ | × | १,०८,२७ |
| | २–३ | जिल्ला प्रशासन | ७५,४७ | × | ७५,४७ |
| | २–४ | प्रहरी | ३,१२ २५ | × | ३,१२,२५ |
| | २–५ | कारागार | ४८,८३ | × | ४८,८३ |
| | २–६ | विविध | २६,८७ | × | २६,८७ |
| ३ राजस्व प्रशासन | ३–१ | मालपोत | ६८,२५ | × | ६८,२५ |
| | ३–२ | भन्सार | ४७,४६ | × | ४७,४६ |
| | ३–३ | अन्तःशुल्क | १७,३३ | × | १७,३३ |
| | ३–४ | कर | १६,३६ | × | १६,३६ |
| | ३–५ | आय र कर अदालत | १,६३ | × | १,६३ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | × | ५,०० | ५,०० |
| | ४–२ | तथ्याङ्क | १५,६४ | ५५,११ | ७१,०५ |
| | ४–३ | टक्सार | ११,३४ | × | ११,३४ |
| | ४–४ | महालेखापालको कार्यालय | १८,४५ | × | १८,४५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२७।२८ को व्यय अनुमान | | |
|---|---|---|---|---|---|
| | | | साधारण | विकास | जम्मा |
| ५ न्याय प्रशासन | ५–१ | अदालत | ५८,४२ | × | ५८,४२ |
| | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ४,८६ | × | ४,८६ |
| ६ वैदेशिक सेवा | ६–१ | वैदेशिक सेवा | १,१७,८७ | × | १,१७,८७ |
| | ६–२ | विविध | ४६,८८ | × | ४६,८८ |
| ७ रक्षा | ७–१ | रक्षा | ६,०५,६९ | × | ६,०५,६९ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | २,९६,७८ | ४,१०,८३ | ७,०७,६१ |
| | ८–२ | स्वास्थ्य | १,४६,४८ | ३,६४,२९ | ५,१०,७७ |
| | ८–३ | पिउने पानी | ११,०१ | १,१४,५४ | १,२५,५५ |
| | ८–४ | पञ्चायत | १,४६,०२ | ८४,५५ | २,३०,५७ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ८६,६७ | १२,५० | ९९,१७ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ६८,५१ | ५,६९,९८ | ६,३८,४९ |
| | ९–२ | सिंचाई | १७,७६ | ३,८१,३० | ३,९९,०६ |
| | ९–३ | भूमिसुधार | ५८,२५ | ४८,०५ | १,०६,३० |
| | ९–४ | कित्ता नापी | १०,०८ | ६७,९० | ७७,९८ |
| | ९–५ | बन | ४०,३१ | १,५२,६८ | १,९२,९९ |
| | ९–६ | उद्योग तथा खानी | १६,७४ | ४,८१,२० | ४,९७,९४ |
| | ९–७ | संचार | ९४,४१ | १,६२,८२ | २,५७,२३ |
| | | (क) हुलाक | (९४,४१) | (१२,४६) | (१,०६,८७) |
| | | (ख) दूर सञ्चार | × | (१,५०,३६) | (१,५०,३६) |
| | ९–८ | यातायात | १,१०,२६ | २९,१७,६८ | ३०,२७,९४ |
| | | (क) सडकहरू | (७१,४४) | (२१,८९,८०) | (२२,६१,२४) |
| | | (ख) पुलहरू | × | (१,१९,०६) | (१,१९,०६) |
| | | (ग) हवाई | (३८,८२) | (६,०८,८२) | (६,४७,६४) |
| | ९–९ | विद्युत् | ३४,२० | ३,८८,२१ | ४,२२,४१ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | २०,३२ | ३१,९८ | ५२,३० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२७।२८ को व्यय अनुमान | | |
|---|---|---|---|---|---|
| | | | साधारण | विकास | जम्मा |
| १० ऋण तथा लगानी | १०–१ | ऋण तथा लगानी | ८१,०२ | × | ८१,०२ |
| ११ साँवा र ब्याज भुक्तानी | ११–१ | साँवा भुक्तानी | ३६,०६ | × | ३६,०६ |
| | ११–२ | ब्याज भुक्तानी | ६०,७२ | × | ६०,७२ |
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २८,०० | × | २८,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ६३,०० | × | ६३,०० |
| | १२–३ | अतिथि सत्कार | २,०० | × | २,०० |
| | १२–४ | आकस्मिक-सहायता चन्दा र पुरस्कार | १,०० | × | १,०० |
| | १२–५ | मुआब्जा | २२,७२ | × | २२,७२ |
| | १२–६ | मेट्रिक नाप तौल | २,४१ | × | २,४१ |
| | १२–७ | अन्य | ८७,०० | २०,०० | १,०७,०० |
| | १२–८ | भैपरिआउने | ३०,०० | ५०,०० | ८०,०० |
| | १२–९ | प्रशासन सुधार | × | ११,८५ | ११,८५ |
| | | | ३३,९९,५८ | ६३,३०,४७ | ९७,३०,०५ |

मुद्रण विभाग प्रमाणित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 900

## २०२५।२६ र २०२६।२७ को यथार्थ र संशोधित अनुमान (साधारण)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२५।२६ को यथार्थ ✱ | २०२६।२७ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १ | १ | श्री ५ तथा राजपरिवार | ६०,५२ | ६१,०२ |
| संवैधानिक | २ | राजसभा | १,३२ | १,८० |
| अङ्गहरू | ३ | राष्ट्रिय पञ्चायत | २०,४७ | २०,०१ |
| | ४ | महालेखा परीक्षकको विभाग | १०,६९ | १३,९९ |
| | ५ | सर्वोच्च अदालत | ७,८२ | १०,०५ |
| | ६ | लोक सेवा आयोग | ७,६९ | ८,९८ |
| | ७ | निर्वाचन आयोग | ५,६० | ९,७४ |
| २ | ८ | मन्त्रिपरिषद् | ७,९२ | १०,५० |
| साधारण | ९ | श्री ५ को सरकारको सचिवालय | ४३,२५ | ५०,१० |
| प्रशासन | १० | जिल्ला प्रशासन | ४२,१५ | ४९,१६ |
| | ११ | प्रहरी | २,३५,०८ | २,६९,०० |
| | १२ | कारागार | ३२,९६ | ३४,९३ |
| | १३ | विविध | १३,७५ | २४,३८ |
| ३ | १४ | मालपोत | ७९,१९ | ९३,०३ |
| आयकर | १५ | भन्सार | ४१,६८ | ५५,२५ |
| प्रशासन | १६ | अन्तःशुल्क | ९,२० | १३,५९ |
| | १७ | कर | ८,५४ | १३,४४ |
| | १८ | आय र कर अदालत | १,११ | १,४२ |
| ४ | १९ | तथ्याङ्क | १,१४ | १,७० |
| आर्थिक प्रशासन | २० | कित्ता नापी | १,४६ | १,५९ |
| र योजना | २१ | टक्सार | ११,२५ | ९,५८ |
| | २२ | महालेखापालको कार्यालय | ८,८३ | ११,४० |
| ५ | २३ | अदालत | ४०,६८ | ४७,८२ |
| न्याय प्रशासन | २४ | महान्यायाधिवक्ताको कार्यालय | ९३ | १,५५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२५।२६ को यथार्थ | २०२६।२७ को संशोधित अनुमान |
|---|---|---|---|---|
| ६ बैदेशिक सेवा | २५ | बैदेशिक | ८६,३७ | १,०९,०० |
| | २६ | विविध | ३५,८६ | ३४,०० |
| ७ सामाजिक सेवाहरू | २७ | शिक्षा | १,३८,०४ | १,६६,६२ |
| | २८ | स्वास्थ्य | ६९,७७ | १,२५,९५ |
| | २९ | सूचना तथा प्रसार | २४,७७ | ३२,५६ |
| | ३० | पञ्चायत | २९,५५ | ३१,६९ |
| ८ आर्थिक सेवाहरू | ३१ | कृषि | ७,३९ | १०,५८ |
| | ३२ | वन | ४२,४१ | ४९,७९ |
| | ३३ | उद्योग तथा वाणिज्य | ६,२३ | १३,९४ |
| | ३४ | सञ्चार | ६५,२५ | ६०,९४ |
| | ३५ | यातायात | २३,५५ | २३,९७ |
| | ३६ | विद्युत् | २,०२ | ५,३३ |
| | ३७ | निर्माण | ७५,९१ | ९५,८५ |
| | ३८ | लगानी ऋण तथा ब्याज | ४१,३४ | ४७,७८ |
| ९ रक्षा | ३९ | रक्षा | ४,८०,७५ | ५,००,०० |
| १० विविध | ४० | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १५,८७ | २५,१८ |
| | ४१ | निवृतभरण, भत्ता तथा उपदान | ४२,२५ | ५२,०९ |
| | ४२ | अतिथि सत्कार | १,८० | २,०० |
| | ४३ | आकस्मिक सहायता चन्दा र पुरस्कार | १,८५ | ६० |
| | ४४ | पुन: मतदान | × | ६१ |
| | ४५ | मुआब्जा | २,२५ | ७५ |
| | ४६ | अन्य आकस्मिक खर्च | × | × |
| | ४७ | भैपरि आउने | ४३,३५ | ४२,५९ |
| | | | १९,२९,८१ | २२,४५,८५ |

✶ विभिन्न मन्त्रालयहरूबाट प्राप्त हिसाबको आधारमा तयार गरिएको ।
महालेखा परीक्षकको विभागबाट अन्तिम लेखा परीक्षण पुरा हुन बांकी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २०२५।२६ र २०२६।२७ को
# यथार्थ र संशोधित अनुमान
# (विकास)

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | *२०२५।२६ को यथार्थ | २०२६।२७ को संशोधित अनुमान |
|---|---|---|---|---|
| ४ | १ | तथ्याङ्क | १५,२४ | १५,९० |
| आर्थिक प्रशासन | २ | सर्भे | ५८,३० | ७५,१३ |
| र योजना | ३ | बजेट तथा लेखापाल प्रशिक्षण आयोजना | १,५९ | १,९१ |
| ७ | ४ | शिक्षा | २,३७,३० | २,६२,२२ |
| सामाजिक | ५ | स्वास्थ्य | १,७३,४९ | २,४४,९३ |
| सेवाहरू | ६ | सूचना तथा प्रसार | १२,०९ | १४,६७ |
| | ७ | पञ्चायत | ८५,८१ | १,२४,६५ |
| ८ | ८ | कृषि | २,०७,७२ | ४,१०,८५ |
| आर्थिक सेवाहरू | ९ | वन | ४६,९३ | १,०७,२५ |
| | १० | उद्योग वाणिज्य | १,२२,९२ | १,८१,७७ |
| | ११ | सञ्चार | ६७,७२ | ८१,२५ |
| | | (क) हुलाक | (१४,१६) | (२४,५७) |
| | | (ख) दूर सञ्चार | (५३,५६) | (५६,६८) |
| | १२ | यातायात | ५५,५३ | २,५१,८८ |
| | १३ | विद्युत् | २,३२,३१ | ५,००,०६ |
| | | (क) विद्युत् | (२,१४,९५) | (४,६६,७९) |
| | | (ख) जमिन मुनीको पानीको सर्भेक्षण | (१७,३६) | (३३,२७) |
| | १४ | निर्माण | १६,५६,१५ | २३,२०,४६ |
| | | (क) सडक | (११,९०,५७) | (१९,१६,४४) |
| | | (ख) पूल | (३३,७१) | (१४,००) |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२५।२६ को यथार्थ | २०२६।२७ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | (ग) भवन | (९०,००) | (१,२६,७२) |
| | | (घ) सिंचाई | (२,४५,८१) | (२,२३,३०) |
| | | (ङ) नदी नियन्त्रण | × | (२,००) |
| | | (च) खानेपानी | (३०,००) | (३८,००) |
| | | (छ) विविध आयोजना | (६६,०६) | × |
| | १५ | लगानी ऋण तथा ब्याज | ३,००,८६ | १,५७,०० |
| | १६ | इन्जिनीयरिङ्ग | ५,१८ | ५,४० |
| १० विविध | १७ | पुनः मतदान | ५,०० | × |
| | १८ | भैपरि आउने | ५८,०० | ५१,७५ |
| | १९ | योजना | ४,०८ | ६,०० |
| | २० | प्रशासन सुधार | ५,०४ | ७,७३ |
| | २१ | भूमिसुधार | ९०,१८ | १,२२,१८ |
| | २२ | मेट्रिक नापतौल | ८१ | १,७६ |
| | | | ३४,४२,२५ | ४९,४४,७५ |

✶विभिन्न मन्त्रालयहरूबाट प्राप्त हिसावको आधारमा तयार गरिएको। महालेखा परीक्षकको विभागबाट अन्तिम लेखा परीक्षण पुरा हुन बांकी।

महालेखा विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिवर्त्य विदेशी विनिमयको आय–व्यय विवरण

रु. लाखमा

| क्रम संख्या | शीर्षक | २०२५।२६ को यथार्थ | २०२६।२७ को संशोधित अनुमान | २०२७।२८ को अनुमान |
|---|---|---|---|---|
| | आय | २६,३६ | २५,०५ | २५,२० |
| १ | अदृश्य निर्यात | ७,८६ | १०,१४ | १०,८० |
| | (क) पेन्सन र तलब | (४,४७) | (४,८१) | (४,८०) |
| | (ख) लगानीको ब्याज | (२,४८) | (४,००) | (४,००) |
| | (ग) पर्यटन | (६४) | (१,३३) | (२,००) |
| २ | मालसामानको निर्यात | १३,७३ | ६,०६ | ८,०० |
| ३ | विदेशी नियोगहरू | ६३ | ८३ | ८० |
| ४ | विदेशी सहायता (१) | १६ | २,०० | ३,७० |
| ५ | विविध | ३,६२ | ३,०२ | १,६० |
| | व्यय | ११,७० | १८,०१ | २८,४८ |
| १ | अदृश्य आयात (२) | १,१० | ५१ | १,४० |
| २ | मालसामानको आयात | ७,४८ | १२,४२ | २०,७५ |
| | (क) विकास सामानहरू | (३,६४) | (६,६६) | (१२,३१) |
| | (ख) उपभोग्य सामानहरू | (३,८४) | (५,४६) | (८,४४) |
| ३ | कूटनैतिक नियोगहरू | १,२२ | १,६१ | १,७६ |
| ४ | विविध | १,६० | ३,४७ | ४,५४ |
| | बचत (+) घाटा (–) | + १४,६६ | + ७,०४ | – ३,२८ |

१) विदेशी अनुदान तथा ऋण

२) अदृश्य आयात र ऋण भुक्तानी समेत

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।